नेपाल सरकार
राष्ट्रिय सूचना आयोग

# राष्ट्रिय सूचना आयोगबाट मिति २०७०।२।२८ मा जारी गरिएको प्रेस विज्ञप्ति

राष्ट्रिय सूचना आयोगका कार्यवाहक प्रमुख सूचना आयुक्त श्रीआचार्य र सूचना आयुक्त श्री सविता भण्डारी बराल आफ्नो ५ बर्षे कार्यकाल पूरा गरी जेठ महिनाको गत २४ गतेबाट कार्यवाहक प्रमुख सूचना आयुक्त र सूचना आयुक्त पदको सेवाबाट निवृत्त हुनुभएको छ । उहाँहरूको कार्यकाल समाप्त भएपछि पनि सूचनाको हकको संरक्षण, सम्वर्धन र प्रचलन गर्ने कार्यलाई निरन्तर कार्यान्वयन गर्न/गराउन कुनै बाधा अवरोध आउन नदिन अर्को आयोग गठन नभएसम्म आयोगमा निहित अधिकारहरू आयोगका सचिवलाई प्रत्यायोजन गर्ने सम्वन्धमा मिति २०७०।२।२३ गते बसेको आयोगको सन्ताउन्नौं बैठकले देहाय बमोजिम निर्णय गरेको छ । अत: आयुक्तहरूको अनुपस्थितिमा पनि सूचनाको हकसम्बन्धी ऐनको दफा १० बमोजिम पुनरावेदनको कारबाही र किनारा गर्ने कार्य बाहेक उजुरी तथा निवेदन सम्वन्धी कार्यहरू प्रत्यायोजित अधिकार अनुसार कार्यान्वयन गर्न सकिने भएकोले सम्वन्धित सबैको जानकारीको लागि यो प्रेश विज्ञप्ति जारी गरिएको छ ।

## आयोगबाट भएको अधिकार प्रत्यायोजन

**निर्णय नं १**

आयोगका कार्यवाहक प्रमुख सूचना आयुक्त श्रीआचार्य र सूचना आयुक्त श्री सबिता भण्डारी बराल आफ्नो ५ बर्षे कार्यकाल पूरा गरी यही जेठ महिनाको २४ गतेबाट निवृत्त हुनुहुने भएको छ। आयोगमा पदाधिकारीको रिक्तता पछि पनि सूचनाको हकको संरक्षण, सम्वर्धन र प्रचलन गर्ने कार्यमा कुनै बाधा अवरोध आउन नदिन अर्को व्यवस्था नभएसम्मको लागि आयोगका पदाधिकारीहरूलाई नियम अनुसार केही अधिकारहरू प्रत्यायोजन गर्न आवश्यक देखिएको छ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा २० बमोजिम पुनरावेदनको कारवाही र किनारा गर्ने कार्य बाहेक अन्य काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार कुनै निकाय वा अधिकारीलाई तोकेको शर्तको अधिनमा रही प्रयोग वा पालना गर्न पाउने गरी प्रत्यायोजन गर्नसक्ने व्यवस्था रहेको हुँदा आयोगले सम्पादन गरि आएको कार्यहरूमध्ये ऐनको दफा १० अनुसार पुनरावेदनको कारवाही र किनारा गर्ने कार्य बाहेक सूचनाको हकसम्वन्धी ऐन र नियमाबली बमोजिम आयोगलाई प्राप्त अधिकारहरू मिति २०७०।२।२४ गतेदेखि अर्को आयोग गठन नभएसम्मका लागि आयोगमा प्राप्त हुने निवेदन र उजुरीहरूको कारवाही किनारा गर्न सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा १९ को क देखि छ सम्म, दफा ३२ को उपदफा १, २, ३, ४, ५ र दफा ३३ को उपदफा १ र २ का अधिकारका साथै सूचनाको हकको संरक्षण, सम्वर्धन र प्रचलनका लागि सूचनाको हक सम्वन्धी ऐन, २०६४, ऐं. नियमावली २०६५ मा व्यवस्था भएका अन्य सम्पूर्ण काम कर्तव्य र अधिकार लगायत आयोगद्धारा स्थापित मान्यता, रित, परम्परा र राष्ट्रिय-अन्तरराष्ट्रिय सिद्धान्त बमोजिम सम्पूर्ण काम, कारवाही गर्ने गरी सोही ऐनको दफा २० बमोजिम आयोगका सचिव, निजको अनुपस्थितिमा आयोगका सह सचिव र दुवैको अनुपस्थितिमा आयोगका जेष्ठ उप सचिव समेतले प्रयोग गर्ने गरी अधिकार

२०७०।२।२४

उप-सचिव

प्रत्यायोजन गर्ने निर्णय गरिएको छ । यस निर्णयको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्य सचिव र सूचना तथा सञ्चार मन्त्रालयका सचिवलाई दिने ।

निर्णय नं २

स्थापना काल देखि नै आवश्यक सहयोग गरी आयोगलाई वर्तमान अवस्था सम्म ल्याई पुऱ्याउन सक्रियतापूर्वक क्रियाशील रहेको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिद्को कार्यालय, सूचना तथा सञ्चार मन्त्रालय, अर्थ मन्त्रालय लगायत अन्य सबै मन्त्रालयहरूलाई उहाँहरूको सहयोग तथा सद्भावका लागि आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गरिन्छ । भविष्यमा समेत आयोगलाई यस प्रकारको सहयोग प्राप्त भै रहने अपेक्षा गरिएको छ ।

आयोगका पूर्व प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजूको कुशल नेतृत्व, मार्ग दर्शन र योगदानबाट आयोगले महत्वपूर्ण उपलब्धी हासिल गर्न सकेकोमा उहाँ प्रति हार्दिक आभार प्रकट गरिएकोछ ।

आयोगको कार्य सम्पादनको सिलसिलामा निष्ठापूर्वक महत्वपूर्ण सहयोग पुऱ्याउने सचिवज्यूहरू, सह सचिवहरू, उप सचिवहरू लगायत आयोगमा कार्यरत सम्पूर्ण कर्मचारीहरूप्रति धन्यवाद ज्ञापन गरिन्छ ।

गैह्र सरकारी क्षेत्रबाट आयोगको उद्देश्य हासिल गर्न योगदान पुऱ्याउने सम्पूर्ण संघ संस्था तथा अन्तरराष्ट्रिय गैह्र सरकारी संस्था र नागरिक समाज प्रति पनि धन्यवाद ज्ञापन गर्दै भविष्यमा समेत उहाँहरूबाट सकारात्मक सहयोगको अपेक्षा राखिएकोछ ।

अन्तमा प्रत्यक्ष वा परोक्ष रुपमा आयोगलाई सहयोग पुऱ्याउने व्यक्ति, संघ संस्था, विभिन्न निकाय र व्यवसायिक संस्थाहरू समेतमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरिएको छ ।

यसरी सूचनाको हकसम्बन्धी ऐन नियमको कार्यान्वयनमा कुनै पनि अड्चन नआओस भन्ने अभिप्रायका साथ आयोगका सचिवलाई अधिकार प्रत्यायोजन गरी सूचनाको हकको संरक्षण, सम्वर्धन र प्रचलन गर्ने गराउने जिम्मेवारी सुम्पनु भएकोमा आयोगका पूर्व कार्यवाहक प्रमुख सूचना आयुक्त श्रीआचार्य र सूचना आयुक्त सविता भण्डारी बरालप्रति हार्दिक कृतज्ञता एवं धन्यवाद ज्ञापन गर्दछौं ।


राष्ट्रिय सूचना आयोग,

पेरिस मार्ग, कोटेश्वर ।

फोन नं. ४६०२७४७/४६०२९२०

फ्याक्स नं. ४६०१२१२

ईमेल. nicnepal@wlink.com.np

info@nic.gov.np

वेबसाइट. www.nic.gov.np